**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्डः०३ संख्याः ०५ .मितिः २०७७/०३ /२९

**भाग-१**

**विराटनगर महानगरपालिका**

## “महानगर खेलकूद ऐन, २०७७”

**विराटनगर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय विराटनगर**

**पारित मितिः २०७७।०३।१४**

**प्रस्तावना :**

बालबालिका,युवा,वयस्क तथा प्रौढहरुको शारीरिक, मानसिक एवम् संवेगात्मक विकासका लागि गुणस्तरीय खेलकुद पुर्वाधार निर्माण गरि खेल सस्कृतिको विकास गर्दै खेलाडीको व्यवसायिक सुरक्षाका लागि वडास्तरीय,नगरस्तरीय हुदै राष्ट्रिय अर्न्तराष्ट्रिय खेल प्रतियोगितामा प्रतिस्पर्धा गर्न सक्षम वनाउदै खेलको व्यवसायिक प्रवर्द्धन गर्नलाई सहयोग पुरयाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) ले दिएको अधिकार वमोजिम यो ऐन वनाएकोछ ।

## परिच्छेद १

प्रारम्भिक

### १) संक्षिप्त नाम र प्रारम्भ

क) यस ऐनको नाम''विराटनगर महानगर खेलकुद सञ्चालन ऐन२०७७''रहेको छ ।

ख) यो ऐन नगर सभाबाट पारित भै स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

### २) परिभाषाः

विषय वा प्रसङले अर्को अर्थ नलागेमा यस ऐनमा -

क) 'ऐन' भन्नाले विराटनगर महानगर खेलकुद सञ्चालन ऐन २०७६ लाई जनाउने छ ।

ख) 'स्थानीय तह' भन्नाले विराटनगर महानगरपालिकासम्झनु पर्दछ ।

ग) 'समिति' भन्नाले महानगर खेलकुद सञ्चालनका लागि गठित समितिलाई बुझ्नु पर्दछ ।

घ) 'प्रमुख' भन्नाले विराटनगर महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

ङ) 'उप प्रमुख' भन्नाले विराटनगर महानगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

च) 'कार्यपालिका सदस्य' भन्नाले विराटनगर कार्यपालिका सदस्यलाई सम्झनु पर्दछ ।

छ) 'नगर सभा' भन्नाले सविधानको धारा २२३ को उपधारा १ वमोजिमको नगर सभा सम्झनु पर्दछ ।

ज) 'महानगरपालिका' भन्नाले विराटनगर महानगरपालिकालाई सम्झनु पर्छ ।

झ) 'कार्यपालिका सदस्य' भन्नाले विराटनगर महानगरपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

ञ) 'अध्यक्ष' भन्नाले महानगर खेलकुद सञ्चालनका लागि गठित समितिको अध्यक्षलाई बुझ्नु पर्दछ ।

ट)'सदस्य' भन्नाले महानगर खेलकुद सञ्चालनका लागि गठित समितिको सदस्यलाई बुझ्नु पर्दछ ।

ठ) 'खेलकुद समिति'भन्नाले विराटनगर महानगर खेलकुद सञ्चालन समिति बुझ्नु पर्दछ ।

(ड) 'खेलकुद सम्बन्धी संस्था'भन्नाले दफा १० वमोजिम दर्ता भएको संस्था बुझ्नु पर्दछ ।

(ढ) 'खेलाडी' भन्नाले खेलकुदमा आवद्ध विभिन्न विधाका स्थानीय, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खेलाडीलाई सम्झनु पर्दछ ।

(ण) 'कोष' भन्नाले खेलकुदसँग सम्बन्धित कार्यमा मात्र खर्च गर्नका लागि छुटै वैक खाता खोली जम्मा भएको रकम सम्झनु पर्दछ ।

## परिच्छेद २

## महानगरस्तरीय खेलकुद सञ्चालन समिति गठन तथा काम, कर्तव्य र अधिकार

**३) खेलकुद सञ्चालन समिति गठन :** (१) महानगरमा खेलकुदलाई प्रतिस्पर्धी र व्यवसायिक बनाउन का लागि विराटनगर महानगरस्तरीय खेलकुद समिति गठन गरिनेछ ।

२) उपदफा १ वमोजिम देहायका सदस्यहरु रहेको महानगर खेलकुद समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क) महानगरपालिकाको प्रमुख | अध्यक्ष |
| ख) महानगरपालिकाको उपप्रमुख | उपाध्यक्ष |
| (ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ) नगर कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य १ जना | सदस्य |
| ङ) नगर कार्यपालिकाले तोकेको नगर सभा सदस्य १ जना महिला | सदस्य |
| च) महानगरपालिकाको सामाजिक समितिको संयोजक | सदस्य |
| छ ) खेलकुदको क्षेत्रमा खेलाडी,रेफ्री, प्रशिक्षक वा व्यवस्थापक भई दश वर्ष भन्दा बढी काम गरेका व्यक्तिहरुबाट प्रमुखबाट मनोनित २ महिला सहित ५ जना | सदस्य |
| ज) अपाङता भएका व्यक्तिहरुबाट प्रमुखले मनोनित गरेको व्यक्ति | सदस्य |
| झ) समितिले मनोनित गरेका पत्रकार १ जना | सदस्य |
| ञ) खेलकुद शाखा हेर्ने महानगरको अधिकृतस्तरको कर्मचारी | सदस्य |

(ट) प्रमुखको सिफारिसमा समितिले मनोनयन गरेको व्यक्ति सदस्य सचिव

३) खेलक्षेत्रसँग सम्बन्धित व्यक्ति, खेलाडी, रेफ्री, खेल पत्रकार तथा सुरक्षा निकायलाई आवश्यकता अनुसार समितिको वैठकमा आमन्त्रित गरिनेछ ।

४) महानगर खेलकुद सञ्चालन समितिको आफनो छुटै छाप हुनेछ ।

५) समितिको चल अचल सम्पति महानगरपालिकाको हुनेछ ।

६) समितिको सचिवालय महानगरपालिकाको नगर कार्यपालिकामा रहनेछ ।

७) खेलकुद प्रतियोगितालाई अनुशासित, मर्यादित र व्यवसायिक खेलाडी उत्पादनमा विराटनगर महानगरपालिका नगर कार्यपालिकालाई सहयोग गर्नका लागि महानगरपालिकामा कार्यरत कर्मचारी वा खेलक्षेत्रमा १० वर्ष भन्दा लामो अनुभव भएको महानगरको स्थायी व्यक्तिलाई सदस्य सचिवमा मनोनयन गर्न सकिनेछ ।

(८) खेलकुद आयोजना सञ्चालन गर्नका लागि समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(९) समितिका सदस्यहरुको वैठक भत्ता नगर कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

(१०) समितिका सदस्यहरुले खेलकुद सम्बन्धि कामका सिलसिलामा भ्रमण गर्नु परेमा नियमानुसार भ्रमण तथा दैनिक भत्ता उपलब्ध गराइनेछ ।

**४) महानगरस्तरीय खेलकुद समितिको काम, कर्तव्य र अधिकार :** १) खेलकुद सञ्चालन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) खेलकुद पुर्वाधार र सञ्चालनका लागि बजेट तर्जुमा गर्न नगर कार्यपालिकालाई सहयोग गर्ने ।

ख) महानगरपालिका बाट विनियोजित बजेटको सीमा भित्र रही खेलकुद सञ्चालन गर्ने ।

ग) महानगर भित्र रहेका खेलाडी,प्रशिक्षक, रेफ्री तथा खेलकुद पत्रकार,खेलमैदान र खेल पूर्वाधारको लगत राख्ने ।

घ) खेलकुद सञ्चालन गर्न वार्षिक क्यालेण्डर प्रकाशित गर्ने ।

ङ) अन्य स्थानीय तहले खेलकुदका लागि आमन्त्रण गरेमा महानगरमा रहेका खेल टीम,क्लवलाई आवश्यकता र बजेट उपलब्ध भएसम्म खेलमा प्रतिस्पर्धाका लागि सहयोग गर्ने ।

च) निजीक्षेत्रलाई खेलकुदमा सहभागि र साझेदार बनाउन समन्वय र सहकार्य गर्ने ।

छ) खेलकुदमा सहभागि खेलाडी,रेफ्री,व्यवस्थापक,क्लव लाई प्रोत्साहन गर्न पुरस्कार दिने ।

ज) खेलकुदलाई प्रतिस्पर्धी र व्यवसायिक वनाउन खेल पूर्वाधार निर्माण र खेल सञ्चालनका लागि संघीय तथा प्रदेश सरकार र स्थानीय तहहरुसँग समन्वय गर्ने ।

झ) विराटनगरलाई खेलकुदको हव वनाउन उत्कृष्ट खेल आयोजनाहरु सञ्चालन गर्ने ।

ञ) खेल प्रशिक्षक उत्पादनका लागि तालिम आयोजना गर्ने । अपाङता भएका व्यक्तिहरुका लागि खेल प्रशिक्षण सञ्चालन गर्ने ।

ट) खेलकुद सम्बन्धि गतिविधी समेटी अर्द्धवार्षिक वुलेटीन प्रकाशित गर्ने ।

(ठ) महानगर भित्र खेलकुदसँग सम्बन्धित संघसंस्थाहरुको अनुगमन तथा नियमन गर्ने ।

(ड) खेलकुद पुर्वाधारहरु निर्माण गर्दै खेल पर्यटन प्रवर्द्धनमा सहयोग गर्न आवश्यक बजेट तथा योजना तर्जुमा गर्ने ।

(ढ) स्वदेशी तथा विदेशी प्रशिक्षकबाट खेल प्रशिक्षणको व्यवस्था गर्ने र खेललाई व्यवसायिक बनाउन खेलाडीहरु छनौट गरि तालिमका प्रदान गर्ने ।

(ण) खेलकुद विकासको लागि गोष्ठि, सेमीनार, छलफल तथा अर्न्तक्रिया कार्यक्रम आयोजना गर्ने ।

(त) महानगरभित्र रहेका खेलाडीहरुको अभिलेख राख्ने, परम्परागत खेलकुदको संरक्षण र सर्म्वद्धन गर्नका लागि खेल आयोजना गर्ने ।

(थ) विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न आवश्यकता अनुसार उप समिति गठन गर्ने ।

**(५) पदावधि :** (१) दफा ३ को उपदफा २ को (ङ) देखि (ज) सम्मका मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(२) दफा ३ को उपदफा २ वमोजिमका कुनै सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा सोहि वमोजिम व्यवस्थापन गरिनेछ ।

(३) दफा ३ को उपदफा २ को (ङ) देखि (ज) सम्मका सदस्यहरुले सन्तोषजनक काम गर्न नसकेमा जुनसुकै समयमा समितिले पदबाट मुक्त गर्न सक्नेछ ।

४) दफा ३ को उपदफा २ को झ का सदस्य सचिवको काम सन्तोषजनक नलागेमा समितिले निर्णय गरि पदमुक्त गर्न सक्नेछ । पदमुक्त गर्नु अगाडि सफाईका लागि मौका दिइनेछ ।

# परिच्छेद ३

## सदस्य सचिवको नियुक्ति,योग्यता,सेवा सुविधा, काम कर्तव्य र अधिकार

**(६) सदस्य सचिवको नियुक्ति :** ( १) ऐनको दफा ३ को उपदफा २ को (झ) अनुसार अध्यक्षको सिफारिसमा समितिले नियुक्ति गर्नेछ ।

(२) सदस्य सचिवको योग्यता देहाय वमोजिम हुनेछ ।

(क) नेपाली नागरिक हुनुपर्ने ।

(ख) मान्यता प्राप्त विश्वविधालयबाट स्नातक वा सो सरह उत्तिर्ण भएको हुनुपर्नेछ ।

(ग) राष्ट्रियस्तरको खेलाडी, रेफ्री, प्रशिक्षक, व्यवस्थापक वा खेलकुदको क्षेत्रमा १० वर्ष भन्दा वढी अनुभव हासिल गरेको हुनुपर्ने ।

(घ) ३५ वर्ष उमेर पुरा भएको ।

(ङ) कानुनले अयोग्य नठहरिएको ।

(३) सदस्य सचिवको सेवा सुविधा र पारिश्रमिक समितिले तोके वमोजिम हुनेछ ।

**(७) सदस्य सचिवको काम कर्तव्य र अधिकार :**

ऐनको दफा ३ को ७ वमोजिम मनोनयन भएको सदस्य सचिवको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) समितिको निर्णय अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्ने ।

ख) वडामा सञ्चालित खेलकुद प्रतियोगितामा सहयोग गर्ने ।

ग) खेलकुद प्रतियोगिताका लागि वार्षिक क्यालेण्डर तयार गरि समितिमा पेश गर्ने ।

घ) खेलकुद सञ्चालनको प्रस्ताव तयार गरि निर्णयका लागि समितिमा पेश गर्ने ।

ङ) वार्षिक योजनामा उल्लेख भए वमोजिमको बजेटबाट खेलकुद प्रतियोगिता सञ्चालनका लागि नगर कार्यपालिकालाई सहयोग गर्ने ।

च) खेलकुद प्रतियोगिताका लागि संघीय सरकार,प्रदेश सरकार र स्थानीय तहहरुसँग समन्वय र सहकार्य गर्ने ।

छ) समितिको अध्यक्षको निर्देशनमा वैठकको व्यवस्थापन गर्ने ।

ज) खेलकुद सञ्चालनको प्रतिवेदन तयार गरि समितिमा पेश गर्ने ।

(झ) महानगरपालिकाबाट खेलकुद शिर्षकमा विनियोजित बजेटबाट खेलकुद प्रतियोगिता सञ्चालन गर्ने ।

(ञ) खेलकुद सम्बन्धि निती,नियम,कानुन,कार्यविधी तयार गर्नका लागि नगर कार्यपालिकालाई सहयोग गर्ने ।

## परिच्छेद ४

## समितिका सदस्यहरुको अयोग्यता र सदस्यता नरहने अवस्था

**(८) समिति सदस्यको अयोग्यता :** (१) देहायको कुनै व्यक्ति सदस्यमा वहाल रहन सक्ने छैन :

(क) २१ वर्ष उमेर पुरा नभएको ।

(ख) गैह्र नेपाली नागरिक ।

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर गरेको ।

(घ) विराटनगर महानगरपालिकाको सम्पति हिनामिना गरेको वा महानगरपालिका नगर कार्यपालिकाको वेरुजुको सुचिमा परेको भएमा ।

**(९) सदस्य सचिव तथा सदस्यहरुको सदस्यता नरहने अवस्था : (१)** देहायको अवस्थामा सदस्यता खारेज भएको मानिनेछ ।

(क) दफा ५ को उपदफा ३ र ४ वमोजिम समितिले निर्णय गरेमा ।

(ख) लिखित रुपमा स्वेच्छिक राजीनामा दिई राजीनामा स्विकृत भएमा ।

(ग) निजको मृत्यु भएमा ।

(घ) सुचना नदिई लगातार पाँच पटकसम्म समितिको वैठकमा अनुपस्थित भएमा ।

(ङ) दफा ८ को घ अनुसार कसुर गरेमा ।

(च) महानगरले निजलाई पदबाट हटाएमा ।

## परिच्छेद ५

## समितिको वैठक व्यवस्थापन र निर्णय

**(१०) समितिको वैठक व्यवस्थापन र निर्णय :** (१) समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले वैठकको व्यवस्थापन गर्नुपर्नेछ ।

(२) समितिको वैठक कम्तिमा ३ महिनामा १ पटक वस्नेछ ।

(३) वैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा समितिको जेष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछन ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यको उपस्थिति भएमा वैठकको गणपुरक संख्या मानिनेछ ।

(५) वैठकमा वहुमतको निर्णय मान्य हुनेछ । मत वरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछन ।

(६) बैठकको जानकारी दुई दिन अगावै सदस्य सचिवले सवै सदस्यहरुलाई दिनुपर्नेछ ।

(७) उपदफा २ मा जुनसुकै व्यवस्था भएको भएपनि समितिको वैठक आवश्यकता अनुसार वस्न कुनै वाधा पर्नेछैन ।

(८) वैठकको निर्णय सदस्य सचिवले लिपिबद्ध गर्नुपर्नेछ । निर्णय पुस्तिकामा सवै सदस्यहरुले

सहि छाप गर्नुपर्नेछ ।

**(११) वडास्तरीय खेलकुद समिति :** (१) वडास्तरमा खेलकुद सञ्चालन गर्न देहाय वमोजिमको वडास्तरीय खेलकुद समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको व्यक्ति | संयोजक |
| (ख) वडा समितिले तोकेको वडा सदस्य १ जना | सदस्य |
| (ग) खेलसंग सम्बन्धित संघसंस्थाबाट एक जना महिला समिति वडा अध्यक्षबाट मनोनित व्यक्ति | सदस्य |
| (घ) खेलकुद क्षेत्रमा ५ वर्ष अनुभव भएको व्यक्ति | सदस्य |

(२) उपदफा १ को ग र घ वमोजिमका सदस्यहरुको पदावधि २ वर्षको हुनेछ ।

(३) वडा खेलकुद समितिका सदस्यहरुको वैठक भत्ता र अन्य सुविधा महानगरपालिकाले तोके वमोजिम हुनेछ ।

**(१२) वडातरीय खेलकुद समितिको काम, कर्तव्य र अधिकार :** (१) वडा खेलकुद समितिको काम,कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) महानगरपालिकासँग समन्वय गरि वडास्तरमा खेल प्रतियोगिता सञ्चालन गर्ने ।

(ख) वडास्तरमा भएका विभिन्न विधाका खेलाडीहरुको अभिलेख राख्ने ।

(ग) वडामा खेल मैदानहरु निर्माण गर्नका लागि महानगरलाई सिफारिस गर्ने ।

(घ) खेल प्रशिक्षण सञ्चालन गर्ने ।

(ङ) वडास्तरीय योजना तर्जुमा गर्दा खेलकुद योजनाहरु प्राथमिकीकरण गरि महानगरमा निर्णयका लागि सिफारिस गर्ने ।

(च) परम्परागत खेलकुद आयोजना गर्न महानगरपालिकालाई सहयोग गर्ने ।

## परिच्छेद ६

**(१३) खेलकुद सम्बन्धि संघसंस्था सुचिकृत सम्बन्धि व्यवस्था :** (१) खेलकुद सम्बन्धि संघसंस्था तथा क्लवहरुले महानगरपालिकामा अनिवार्य सुचिकृत गर्नुपर्नेछ ।

(२) उपदफा १ वमोजिमका संघसंस्था तथा क्लवहरुले सुचिकृत गर्न देहाय वमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

(क) संस्था दर्ता प्रमाणपत्रको फोटोकपी (नविकरण भएको)

(ख) अडिट प्रतिवेदनको फोटोकपी

(ग) करचुक्ता प्रमाणपत्र

(घ) विधानको फोटोकपी

(ङ) कार्यकारिणी सदस्यहरुको नाम र ठेगाना

(च) निवेदन

(२) खेलकुद प्रतियोगिता सञ्चालन गर्ने संघसंस्था,क्लवले अनिवार्य महानगरपालिकामा सुचिकृत गर्नुपर्नेछ ।

(३) यस अघि महानगरमा सुचिकृत भएका खेलसंग सम्बन्धित संघसंस्था, क्लव यस ऐन वमोजिम सुचिकृत भएको मानिनेछ ।

(४) संघसंस्था/क्लवहरुलाई सुचिकृत हुनका लागि महानगरपालिकाबाट सार्वजनिक सुचना आव्हान गर्नेछ ।

(५) सुचिकृत नभएका संघसंस्थाहरुलाई महानगरपालिकाले अनुदान रकम उपलब्ध गराउन र खेल सञ्चालनको स्विकृति दिन वाध्य हुने छैन ।

**(१४) समन्वय र सहकार्य :** खेल प्रतियोगिता सञ्चालन गर्दा महानगरपालिकासँग समन्वय र सहकार्य गर्नु खेल आयोजक संस्थाको कर्तव्य हुनेछ ।

**१५) निर्देशन दिने :** (१) समितिले मातहतका खेलकुद सम्बन्धि संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिने सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धि खेलकुद सम्बन्धि संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा १ वमोजिम समितिले दिएको निर्देशन पालन नगर्ने खेलकुद सम्बन्धि संस्था वा महानगरपालिका नगरकार्यापालिकाको कार्यालयमा सुचिकृत नहुने संस्थाहरुलाई महानगरपालिकाबाट कुनै पनि खेलकुद प्रतियोगितामा सहभागि गराउन सकिने छैन ।

**(१६) स्विकृति लिनु पर्ने :** खेलकुद सम्बन्धि संस्थाले राष्ट्रिय अर्न्तराष्ट्रिय खेलकुद प्रतियोगितामा भाग लिन,अर्न्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा सहभागि हुन र प्रशिक्षणमा सामेल हुन, महानगरपालिकाबाट सञ्चालन हुने खेलकुद प्रतियोगितामा अन्य देशको खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्नुपरेमा प्रचलित कानुन वमोजिम नेपाल सरकारको स्विकृति लिइनेछ ।

**(१७) खेलाडीहरुको अभिलेख व्यवस्थापन :** (१) विराटनगर महानगरपालिकामा स्थायी वसोवास गरि स्थानीय,राष्ट्रिय तथा अर्न्तराष्ट्रियस्तरका खेलमा आवद्ध खेलाडीहरुको सुचि समितिले तयार गर्नेछ ।

## परिच्छेद ६

### समितिको कोष स्थापना र लेखा परिक्षण सम्बन्धि व्यवस्था

**(१७) खेलकुद सञ्चालन कोष स्थापना :** (१) महानगरपालिकामा नगर कार्यपालिकाको कार्यालमा खेलकुद सम्बन्धि कार्यका लागि समितिको छुटै कोष स्थापना गरिनेछ ।

(२) उपदफा १ वमोजिम स्थापना भएको समितिको कोषमा देहाय वमोजिमको रकम रहनेछ ।

(क) महानगरपालिकाको आन्तरिक राजस्वबाट प्राप्त रकम

ख) संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान सहयोग रकम ।

(ग) खेलकुद पुर्वाधार उपयोगबाट प्राप्त रकम ।

(घ) विभिन्न खेलकुद प्रदर्शन गरी प्राप्त भएको रकम ।

(ङ) विभिन्न संघसंस्था,निजीक्षेत्र,व्यक्ति र ट्रष्टबाट प्राप्त सहयोग रकम ।

(३) समितिको नामबाट गरिने सवै रकम कोषमा जम्मा गरि खर्च कोषबाट व्यहोरिनेछ ।

(४) समितिको छुटै वैक खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको खाता सञ्चालन तोकिए वमोजिम हुनेछ ।

(६) कोषमा जम्मा भएको रकमबाट खेलकुद सम्बन्धि कार्यका लागि मात्र खर्च गरिनेछ ।

**१८) लेखा र लेखा परीक्षण :** (१) समितिको आय व्ययको लेखा प्रचलित कानून वमोजिम व्यवस्थित गरिनेछ ।

(२) समितिबाट भएका सवै आर्थिक कारोबारको आन्तरिक लेखा परीक्षण महानगरपालिकाको आलेप शाखाबाट गरिनेछ ।

(३) समितिबाट भएका सवै आर्थिक कारोबारको अन्तिम लेखा परिक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

## परिच्छेद ७

**(१९) महानगरपालिकाले निर्देशन दिन सक्ने :** (१) महानगरपालिकाले खेलकुदको प्रवर्द्धन र विकास गर्नका लागि समितिलाई आवश्यक सल्लाह,सुझाव तथा निर्देशन दिन सक्नेछ ।

(२) उपदफा १ वमोजिम महानगरपालिकाले दिएको निर्देशनको पुर्ण पालना गर्नु समितिको कर्तव्य

हुनेछ ।

**(२०) खेलाडीको व्यवसायिक सुरक्षा :** (१) खेलकुदका माध्यमबाट खेलाडीहरुको व्यवसायिक सुरक्षालाई सुनिश्चित वनाउन स्थानीय,राष्ट्रिय र अर्न्तराष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा प्रतिस्पर्धा गर्न योग्य वनाउन खेल प्रशिक्षण लगायत सेवा सुविधा,प्रोत्साहन,पुरस्कारको व्यवस्था गरिनेछ ।

(२) उपदफा १ वमोजिम खेलाडीहरुलाई दिइने सेवा सुविधा र पुरस्कारको मापदण्ड समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

(३) महिला पुरुष तथा यौनिक अल्पसंख्यक खेलाडीको व्यवसायिक सुरक्षाका लागि समान अवसर उपलब्ध गराइनेछ ।

(४) खेलाडीहरुको सुरक्षाका लागि विमालाई प्रभावकारी वनाउन नियमावली तथा कार्यविधीहरु तयार गरि मापदण्ड निर्धारण गरिनेछ ।

**(२१) सजाय र कारबाहि :** (१) कुनै खेलाडी वा खेलाडीको समुह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको स्वच्छ प्रतिस्पर्धामा आँच आउने गरि कुनै गलत कार्य गरेको ठहरेमा १ वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगितामा सहभागि हुन प्रतिवन्ध गरिनेछ ।

(२) खेलकुद प्रतियोगिता सञ्चालन अवधिमा दर्शकबाट अवान्छित गतिविधी गरेको पाईएमा सुरक्षाकर्मीको मद्दतले खेल स्थलबाट वाहिर निकालिनेछ ।

(३) उपदफा १ वमोजिम गरेको प्रतिवन्ध चित्त नवुझेमा महानगरपालिकाको न्यायिक समितिमा एक महिना भित्रमा उजुरी दिन सकिनेछ ।

**(२२) खेल प्रशिक्षण सम्बन्धि व्यवस्था :** (१) महानगरले खेलकुदको व्यवसायिक विकासका लागि महानगरस्तरीय खेलकुद प्रशिक्षण प्रतिष्ठानको स्थापना गरि सञ्चालन गर्न सक्नेछ ।

(२) खेलकुद प्रशिक्षण प्रतिष्ठान सञ्चालनका लागि संघीय र प्रदेश सरकार साथै स्थानीय संघसंस्था र निजीक्षेत्रसँग समितिले सहकार्य गर्नेछ ।

(३) खेलकुद प्रशिक्षण प्रतिष्ठान सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**(२३) नियम,कार्यविधी र निर्देशिका वनाउने अधिकार :** यस ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न महानगरपालिकाले नियम,कार्यविधी र निर्देशिका तयार गरि कार्यान्वयन गर्न सक्नेछ ।

**(२४) यस ऐन वमोजिम हुने :** यस ऐनमा लेखिएका कुरामा यसै ऐन वमोजिम र अन्यमा प्रचलित कानून वमोजिम हुनेछ ।

आज्ञाले,
इन्द्रमणि पोखरेल
(प्रमुख प्रशासकीय अधिकृत)